मिति : २०८१/०५/२४ गते

समय : बिहान ९:०० बजे

स्थान :- चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको ३७ औं **बैठक** नगर प्रमुख श्री पुष्प बादीज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | पुष्प बादी | नगर प्रमुख | |
| २ | ईश्वरीकुमारी शर्मा (बि.एम.) | उप प्रमुख | |
| ३ | इन्द्रे गिरी | वडा अध्यक्ष - वडा नं. १ | |
| ४ | विरबहादुर राना | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | लालबहादुर बुढा | वडा अध्यक्ष - वडा नं. ३ | |
| ६ | गोपालबहादुर भण्डारी | वडा अध्यक्ष - वडा नं. ४ | |
| ७ | खुमबहादुर खड्का | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | जयप्रकाश बोहरा | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | भिमप्रसाद जैसी | वडा अध्यक्ष - वडा नं. ७ | |
| १० | शशिराम वि.क. | वडा अध्यक्ष - वडा नं. ८ | |
| ११ | नरबहादुर मल्ल | वडा अध्यक्ष - वडा नं. ९ | |
| १२ | विरेन्द्र रोकाय | वडा अध्यक्ष - वडा नं. १० | |
| १३ | तुल्से वली | वडा अध्यक्ष - वडा नं. ११ | |
| १४ | टिकाराम ओली | वडा अध्यक्ष - वडा नं. १२ | |
| १५ | श्रीकृष्ण शर्मा | वडा अध्यक्ष - वडा नं. १३ | |
| १६ | थलबहादुर कवर | वडा अध्यक्ष - वडा नं. १४ | |
| १७ | उमादेवी सुनार | कार्यपालिका सदस्य | |
| १८ | पुतला पुन (मल्ल) | कार्यपालिका सदस्य | |
| १९ | भिमा थापा | कार्यपालिका सदस्य | |
| २० | मिना के.सी. | कार्यपालिका सदस्य | |
| २१ | लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| २२ | तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| २३ | विमला नेपाली | कार्यपालिका सदस्य | |
| २४ | देवेन्द्रकुमार सुनार | कार्यपालिका सदस्य | |
| २५ | शेरप्रसाद ढकाल | सचिव | |

अन्य उपस्थिति

**मिति २०८१/०५/२४ गतेको नगर कार्यपालिकाको ३७ औं बैठकमा पेस भएका प्रस्तावहरू**

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्ताव। | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने। | |
| २ | योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्ताव। | चौरजहारी नगरपालिकामार्फत् बजेट विनियोजन भइ कार्यान्वनयमा भइरहेका योजना तथा कार्यक्रमहरूको अवस्था बारे नगर उपप्रमुखले गरेको अनुगमन तथा सुपरीवेक्षणको मासिक प्रतिवेदन पेस गर्ने। | |
| ३ | शोक प्रस्ताव पारित गर्ने सम्बन्धी प्रस्ताव। | चौरजहारी नगरपालिका वडा नं. १४ का वडा महिला सदस्य एवम् चौरजहारी नगरपालिकाका नगरसभा सदस्य धनसरी पुनको निधनप्रति दु:ख व्यक्त गर्दै शोक प्रंस्ताव पारित गर्ने। | |
| ४ | शोक बिदा दिने सम्बन्धी प्रस्ताव। | चौरजहारी नगरपालिकाका नगरसभा सदस्य धनसरी पुन निधनप्रति दु:ख व्यक्त गर्दै २०८१ भाद्र २४ गते सोमबारका दिन चौरजहारी नगर कार्यपालिकाको कार्यालय र सोअन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्था (आकस्मिक सेवा बाहेक) र शिक्षण संस्थाहरूमा समेत शोक बिदा दिने। | |

शेर प्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

CamScanner

**मिति २०८१/०५/२४ गतेको ३७ औं नगर कार्यपालिकाको बैठकले गरेका निर्णयहरू**

**निर्णय नं. १** : प्रस्ताव नं. १ **'यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका, नगर कार्यपालिका बैठकबाट यसअघि भएका निर्णयहरूको कार्यान्वनयन अवस्थाको सम्बन्धमा समीक्षा गरियो । साथै यस अधिका कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित शाखा, वडा कार्यालय निकायलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २** : प्रस्ताव नं. २ **'योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाबाट विनियोजन भएका योजना तथा कार्यक्रमहरू कार्यान्वयनको अवस्था बारे नगर उपप्रमुख श्री ईश्वरीकुमारी शर्मा, बि.एम्.ले पेस गर्नु भएको योजना अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन उपर छलफल गरी सुझाव कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** : प्रस्ताव नं. ३ **'शोक प्रस्ताव पारित गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका वडा नं. १४ का वडा महिला सदस्य एवम् चौरजहारी नगरपालिकाका नगरसभा सदस्य धनसरी पुनको मिति २०८१ भाद्र २४ गते बिहान ४:०० बजे ४७ वर्षको उमेरमा नेपालगञ्ज स्थित शिक्षण अस्पतालमा उपचारका क्रममा भएको निधनप्रति दु:ख व्यक्त गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :** प्रस्ताव नं. ४ **'शोक बिदा दिने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा निर्णय नं. ३ मा उल्लेख भएबमोजिम चौरजहारी नगरपालिका वडा नं. १४ का वडा महिला सदस्य एवम् चौरजहारी नगरपालिकाका नगरसभा सदस्य धनसरी पुन निधनप्रति दु:ख व्यक्त गर्दै २०८१ भाद्र २४ गते सोमबारका दिन चौरजहारी नगर कार्यपालिकाको कार्यालय र सोअन्तरगतका वडा कार्यालय, स्वास्थ्य संस्था (आकस्मिक सेवा बाहेक) र शिक्षण संस्थाहरूमा समेत शोक बिदा दिने निर्णय गरियो ।

शेर प्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प बादी
नगर प्रमुख

CamScanner